## कटहरिया नगरपालिका

# स्थानीय राजपत्र

**कटहरिया नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड : ९, संख्या : १, मिति : २०८३/०४/०५**

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कटहरिया नगरपालिकाको नगर सभाले पारित गरेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

**२०८३ सालको ऐन नं. १**

# कटहरिया नगरपालिकाको विनियोजन ऐन, २०८३

**(कटहरिया नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक)**

नगर सभाबाट पारित मिति :२०८३।०३।३१
प्रमाणीकरण मिति :२०८३।०४।०४

**<u>प्रस्तावना</u>:** कटहरिया नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) तथा धारा २२६ ले दिएको अधिकारले कटहरिया नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।



Scanned with OKEN Scanner

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम **"कटहरिया नगरपालिकाको विनियोजन ऐन, २०८३"** रहेको छ ।

(२) यो ऐन २०८३ श्रावण १ गतेबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

(क) "नगर सभा" भन्नाले कटहरिया नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले कटहरिया नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले कटहरिया नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) "विषयगत शाखा" भन्नाले कटहरिया नगरपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चित कोष" भन्नाले कटहरिया नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष** २०८३/०८४ **को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त कटहरिया नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.५४,७७,३४,०००/- (अक्षेरुपी चौवन्न करोड सतहत्तर लाख चौतिस हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०८३/०८४ को लागि कटहरिया नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी पूँजिगत शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।



Scanned with OKEN Scanner

## अनुसूचि-१

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

(दफा ३ सँग सम्बन्धित)

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|
| | १ | २ | ३ | ४ |
| १ | नगर कार्यपालिका | २१,४८,४४,०००/- | ६,९८,१२,०००/- | २८,४६,५६,०००/- |
| २ | वडा समिति | १,३०,८९,०००/- | ३,२७,८९,०००/- | ४,५८,७८,०००/- |
| ३ | बिषयगत शाखा तथा शसर्त, विशेष, समपूरक | २०,०६,००,०००/- | १,६६,००,०००/- | २१,७२,००,०००/- |
| **जम्मा** | | | | **रु.५४,७७,३४,०००/-** |

आज्ञाले,

राम विनय कुमार सिंह

प्रमुख प्रशासकीय अधिकृत

मूल्य : रु. १०/-



Scanned with OKEN Scanner